## लुम्बिनी प्रदेश सरकार

### मिति २०८२/०५/०३ गतेको १५९ औं सचिव बैठकका निर्णयहरुः

१. लुम्बिनी प्रदेश सरकारको १५८ औं सचिव बैठकका निर्णयहरुको कार्यान्वयनको अवस्थाका बारेमा समीक्षा गरियो।

२. आर्थिक वर्ष २०८२/८३ को वार्षिक नीति तथा कार्यक्रम कार्यान्वयनका लागि अवधारणापत्र, कार्यविधि, मापदण्ड,आदि २०८२ भाद्र मसान्तभित्रै तयार गर्ने।

३. मन्त्रालय र मातहतका निकायमा प्रयोग भई रहेका सवारी साधनहरुको देहाय बमोजिम गर्ने/ गराउनेः-

- मन्त्रालय तथा मातहतका निकायमा रहेका सवारी साधनको विवरण अद्यावधिक गर्ने गराउने।
- उक्त सवारी साधन हाल कुन निकायमा प्रयोग भईरहेको छ? सो यकीन गर्ने,
- सवारी साधन जुन निकायको नाममा छ सो भन्दा भिन्न मन्त्रालय/ निकायका पदाधीकारीले प्रयोग गरिरहेको भए उक्त सवारी साधन हस्तान्तरण गरी लिने/ दिने व्यवस्था मिलाउने र सवारी साधन प्रयोग गर्ने पदाधिकारी कार्यरत निकायकै स्वामित्व/अभिलेख कायम गर्ने। सो कार्यमा मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय र उद्योग पर्यटन तथा यातायात मन्त्रालयले आवश्यक समन्वय र सहजीकरण गर्ने।
- मर्मत सम्भार गरी सञ्चालनमा आउने सक्ने सवारी साधन मर्मत सम्भार गरी प्रयोगमा ल्याउने। सवारी साधन मर्मत, सम्भार गर्दा बजार मूल्यको २५ प्रतिशत भन्दा बढी मर्मत खर्च लाग्ने भएमा त्यस्ता सवारी साधन मर्मत नगरी लिलाम गर्ने प्रक्रिया अगाडि बढाउने।
- उक्त सवारी साधनको अद्यावधिक विवरण मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा पठाउने।

४. बेरूजु फछ्र्यौटलाई प्राथमिकतामा राख्ने। मासिक रूपमा प्रगति विवरण प्राप्त गर्ने व्यवस्था लेखा उत्तरदायी अधिकृतले मिलाउने।

५. कर्मचारीहरुको महाशाखा/शाखा परिवर्तन, सरुवा, अवकाश, लामो समयसम्म विदा (असाधारण विदा, अध्ययन विदा, वेतलबी विदा) मा जाने अवस्थामा अनिवार्य रुपमा संस्थागत स्मृती नोट(Handover Note) हस्तान्तरण गर्ने व्यवस्था सबै सचिवहरूले मिलाउने। सोको लागि मातहतका निकायमा समेत पत्राचार गर्ने।

६. विषयगत मन्त्रालयले आ.व.२०८२/८३ मा सम्पादन गर्नु पर्ने प्रदेश सरकारको नीति तथा कार्यक्रम, बजेट, विनियोजन ऐन र आर्थिक ऐन र प्रदेश सरकार कार्यविभाजन नियमावली बमोजिम क्रियाकलापहरु समेटी प्रदेश सुशासन ऐन-२०७६ को दफा १८ बमोजिम माननीय मुख्य मन्त्रीज्यू र मन्त्रीज्यू, माननीय मन्त्रीज्यू र सचिव विच कार्य सम्पादन सम्झौता भाद्र १५ गते भित्र गर्ने। साथै आवश्यकता अनुसार महाशाखा प्रमुख, आयोजना प्रमुख र महानिर्देशक/निर्देशक बीच समेत कार्यसम्पादन सम्झौता क्रमश गर्दै जाने व्यवस्था मिलाउने।

७. मिति २०८२ साल भाद्र २२ गते मनाइने प्रदेश निजामती सेवा दिवस २०८२ भव्य रुपमा मनाउन प्रमुख सचिवको संयोजकत्वमा मूल समारोह समिति गठन गर्ने। सो समितिले आवश्यकता अनुसार भाद्र १० गतेभित्र उप-समिति गठन गर्नुका साथै निजामती सेवा दिवसको कार्यक्रमको खाका तयार गर्ने।

प्रमुख सचिव

लुम्बिनी प्रदेश सरकार
मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
राप्ती उपत्यका (देउखुरी), नेपाल

८. प्रदेश सरकारको नीति तथा कार्यक्रम र आवधिक योजनामा समेत परेको विषय कार्यान्वयनका लागि निम्न बमोजिमको ऐनको अवधारणापत्र तथा मस्यौदा तयार गर्न देहाय बमोजिम समितिहरु गठन गर्ने:

८(१). विकास आयोजना व्यवस्थापन ऐन

क) सचिव, शासकीय सुधार महाशाखा(मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय -संयोजक

ख) सचिव, आर्थिक मामिला तथा योजना मन्त्रालय - सदस्य

ग) सचिव, भौतिक पूर्वाधार विकास मन्त्रालय - सदस्य

घ) सचिव, प्रदेश योजना आयोग -सदस्य

ङ)उपसचिव (कानून) मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय - सदस्य सचिव

८(२). प्रदेश प्राङ्गारिक ऐन

क) सचिव, कृषि भूमी व्यवस्था तथा सहकारी मन्त्रालय -संयोजक

ख) सचिव, प्रदेश योजना आयोग -सदस्य

ग) सचिव, वन तथा वातावरण मन्त्रालय - सदस्य

घ) सचिव, भौतिक पूर्वाधार विकास मन्त्रालय - सदस्य

ङ) उपसचिव (कानून), आन्तरिक मामिला तथा कानून मन्त्रालय-सदस्य सचिव

९) खण्ड (८) बमोजिमको समितिहरुलाई निर्देशन तथा समन्वय प्रमुख सचिवले गर्ने र आवश्यक सहजीकरण मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको सचिव (कानून) ले गर्ने।

प्रमुख सचिव